# बालबालिकाको गैरकानूनी स्थानान्तरण नगर्ने नगराउने सम्बन्धी सार्वजनिक सुचना

यस परिषद्मा प्राप्त पत्र अनुसार नेपाल सरकार गृह मन्त्रालयको सचिवस्तर मिति २०७८/०८/२७ गतेको निर्णय अनुसार बालबालिकालाई अध्ययनको राम्रो अवसर दिलाउने, पालनपोषण गरिदिने नाममा सामाजिक धार्मिक वा अन्य प्रकारका संघ संस्थाको नाममा बालबालिकाहरु लिने र निजहरुलाई विदेश पठाउने, घरेलु कामदारको रुपमा प्रयोग गर्ने, यौन शोषण गर्ने लगायतका गैरकानूनी क्रियाकलापमा सहभागी गराएको सम्बन्धमा गुनासा र उजुरीहरु प्राप्त भएकोले बालबालिकाहरुको एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउन हुन सबैको लागि जानकारी गराईन्छ।

**देहायः**

१. कुनै एक जिल्लाबाट अर्को जिल्लामा लैजान परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयको स्वीकृतिमा मात्र लैजानु पर्ने।

२. नेपालबाट विदेश लैजान परेको खण्डमा,

   क. शैक्षिक प्रयोजनका लागि भएमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको NOC पत्र, NOC पत्र जारी नहुनेको हकमा सम्बन्धित स्थानीय प्रशासनको स्वीकृति।

   ख. अन्य प्रयोजनको लागि भए महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको स्वीकृति पत्र।

   ग. सम्बन्धित देशको सरकारी निकायले प्रदान गरेको अनुमति वा स्वीकृति पत्र।